Bridging Refugee Youth & Children's Services

This document is provided by the BRYCS Clearinghouse.

# Educational Support for Refugee Youth

Office of Language and Cultural Education

Reproduced with permission of Office of Language and Cultural Education

Chicago, IL

© 2010

BRYCS is a project of the United States Conference of Catholic Bishops/Migration and Refugee Services (USCCB/MRS)
1-888-572-6500/ info@brycs.org/ www.brycs.org

**सम्पर्क** - *विद्यालय प्रशासक, शिक्षक तथा अन्य सहयोगी कर्मचारीहरूलाई प्रत्यक्ष प्रदान गरिने व्यापक सेवाहरूबारे अधिक जानकारीका लागि RWIO सहजकर्ताहरूलाई सम्पर्क गर्नुहोस्।*





## विद्यालयमा आधारित स्रोतहरू

- विद्यार्थी अभिमुखीकरण
- स्वागत! सामग्री
- CPS नीति तथा प्रक्रियाहरूको जानकारी दिन अनुवादक तथा दोभाषेहरू नियुक्त गर्ने
- स्थानीय सामुदायिक संस्थाहरूसित साझेदारीको विकास गर्ने




**रिचर्ड एम. डाले**
*मेयर, सिकागो सहर*

**सिकागो सहर शिक्षा समितिको अध्यक्ष**

**म्यारी रिचार्डसन-लोरी**
*CPS समिति अध्यक्ष*

**क्लायर मुनाना**
*उपाध्यक्ष*

**सदस्यहरू**

नोर्मान आर. बबिन्स
डा. तारिक बट
आल्बर्टो ए. क्यारेरो, जुनियर
पेगी ए. डेभिस
रोक्ज़ेन वार्ड

**सिकागो पब्लिक स्कूल्स**
**रोन हबरम्यान**
*प्रमुख कार्यकारी अधिकृत*

**बार्बरा इसन-वाटकिन्स, Ed. D.**
*प्रमुख शिक्षा अधिकृत*

**डायन एच. जेन्देजास**
*प्रमुख अधिकृत, भाषा तथा सांस्कृतिक शिक्षा कार्यालय*

**एन्टोनियो जे. एसिभेडो**
*सह अधिकृत, भाषा तथा सांस्कृतिक शिक्षा कार्यालय*


---

**रेफ्युजि वेल्कमिङ इन्टेक कार्यालय स्कूल लायजनमा सम्पर्क गर्नुहोस्**


**स्विफ्ट एलिमेन्टरि स्कूल**
५९०० नोर्थ विनथ्रोप एभन्यु, रुम ३१५
सिकागो, इलिनोइ ६०६६०
७७३.५३४. ०२४० (का)

**रुजवेल्ट हाई स्कूल**
मल्टिकल्चरल रिसोर्स सेन्टर, रुम २४४
३४३६ वेस्ट विल्सन एभन्यु
सिकागो, इलिनोइ ६०६२५
७७३.५३४. ०५८६ (का)


CHICAGO PUBLIC SCHOOLS | CPS

शिक्षा • प्रेरणा • परिवर्तन

**भाषा तथा सांस्कृतिक शिक्षा कार्यालय**

*शरणार्थी कार्यक्रम योजना*

# शरणार्थी युवाहरूका लागि शैक्षिक सहयोग



CHICAGO PUBLIC SCHOOLS | CPS


**भाषा तथा सांस्कृतिक शिक्षा कार्यालय**
१२५ साउथ क्लार्क स्ट्रीट, ९वौं फ्लोर
सिकागो, इलिनोइ ६०६०३
७७३.५५३. १९३० (का) | ७७३.५५३. १९३१ (फे)
www.OLCE.org

- ✓ स्वागत तथा अभिमुखीकरण
- ✓ स्रोतहरूको समन्वय
- ✓ प्राज्ञिक ट्यूटरिङ
- ✓ अनुवाद सेवा
- ✓ समर ESL कार्यक्रम
- ✓ व्यावसायिक विकासका अवसरहरू
- ✓ मातापिताहरूका लागि कार्यशाला





सिकागो पब्लिक स्कूल्स (CPS) तथा भाषा तथा सांस्कृतिक शिक्षा कार्यालय (OLCE) ले विद्यालयहरूलाई व्यापक सेवा तथा स्रोतहरू उपलब्ध गर्दछ।





- विद्यालय तथा सामुदायिक संस्थानहरूलाई जोड्ने कार्यलाई सहज गराउँछ।
- विद्यार्थी तथा मातापिताहरूलाई अनुवाद सेवा उपलब्ध गराउँछ।
- संयुक्त राज्यका विद्यालय प्रणालीबारे विद्यार्थी तथा मातापिताहरूमा जानकारीहरू उपलब्ध गर्दछ।
- आफ्ना बच्चाहरूका शैक्षिक प्रक्रिया तथा समुदायमा संलग्नताका लागि मातापिताहरूलाई प्रोत्साहन गर्दछ।
- विद्यालय कर्मचारी तथा समुदायमाझ शरणार्थीहरूबारे सचेतना तथा संवेदनशीलताको वृद्धि गर्दछ।

# CPS शरणार्थी शिक्षा कार्यक्रमको लक्षहरू

शरणार्थी विद्यार्थी परिवारहरूको शैक्षिक, सामाजिक तथा भावनात्मक खाँचोहरूको पूर्ति गर्न उपयुक्त तथा आवश्यक सेवाहरू उपलब्ध गराउन सिकागो पब्लिक स्कूल (CPS) र भाषा तथा सांस्कृतिक शिक्षा कार्यालय प्रतिवद्ध रहेको छ। यो पहलको उद्देश्य भनेको गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नु तथा समाजलाई योगदान पुर्‍याउनसक्ने सदस्य बन्नका लागि विद्यार्थीहरूलाई आवश्यक पर्ने सीप प्रदान गर्नु हो।

राजनैतिक पीडा, युद्ध र अन्य आन्तरिक तथा/अथवा बाह्य द्वन्दहरूका कारणले गर्दा शरणार्थीहरू स्वदेश छाड्न बाध्य भएका हुन्छन्। धेरैवटा शरणार्थी परिवारहरूले हिंसा तथा घर परिवारको क्षति भोग्नु परेको हुन्छ। प्राय शरणार्थीहरू युद्धद्वारा ग्रसित राष्ट्रबाट भागेर छिमेकी राष्ट्रमा पुग्छन् र शरणार्थी शिविरमा बस्न जान्छन्। यी शिविरहरूको बसाइ २ महिनादेखि १२ महिनासम्म पुग्नसक्छ।

## जिल्ला क्षमता

शरणार्थी विद्यार्थी तथा उनीहरूको परिवारप्रति शैक्षिक तथा अन्य प्रकारका सहयोगहरूमा सुधार ल्याउने क्रममा CPS भाषा तथा सांस्कृतिक शिक्षा कार्यालय (OLCE) ले सार्वजनिक विद्यालयहरू, अन्तर्राष्ट्रिय परिवार तथा स्थानीय सामुदायिक संस्थानहरूलाई जोड्नमा परिमानजनक सफलता हासिल गरेको छ। OLCE द्वारा स्थापित रेफ्युजी वेल्कमिङ इन्टेक कार्यालयहरूले CPS तथा अन्य समुदाय र सरोकारवालाहरूमाझ सेतुको काम गर्दछ। CPS ले शरणार्थी विद्यार्थी तथा उनीहरूको परिवारको आवश्यकता पूरा गर्ने उद्देश्यले निरन्तर रुपमा जिल्लाको क्षमता वृद्धि गर्ने गर्दछ।

## साझेदारीको विकास

सक्षम, भरपर्दो तथा सांस्कृतिक रुपमा दक्ष प्रदायकहरूका साथ दीगो संजालको विकास यस पहलको महत्वपूर्ण हिस्सा हो। विद्यालय, परिवार तथा समुदायमा आधारित संस्थाहरूमाझ प्रभावकारी संचार गतिविधिहरूको स्थापना गर्नु सर्वाधिक महत्वपुर्ण हुन्छ।